नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९, स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक १७६ २०७९ साल माघ २८ गते शनिबार (11 Feb. 2023 Saturday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***




*यस अंक भित्र :* २ पृष्ठमा : बैंक तथा वित्तीय संस्थाको... ३ पृष्ठमा : कर्जा असुली सूचना निकाल्दा ... ३ पृष्ठमा थप हतियारका निम्ति ...

## प्रहरीमाथी गोली प्रहार गर्ने पूर्व सैनिकसहित दुई जनालाई १२ वर्ष कैद




**दैनिक समाचारदाता**
**राजविराज, २७ माघ ।**

प्रहरीमाथि गोली प्रहार गर्ने पूर्व सैनिकसहित दुई जनालाई अदालतले १२ वर्ष कैद सजायको फैसला सुनाएको छ ।

पाँच वर्ष अघि प्रहरी चौकी विसनपुरमा कार्यरत प्रहरी हवल्दार महेन्द्र सतरामाथि गोली प्रहार गरेको आरोपमा सप्तरीको खडक नगरपालिका निवासी अशोक साह र पूर्वसैनिक पशुपति चौधरीलाई सप्तरी जिल्ला अदालतले १२/१२ वर्ष कैद सजायको फैसला सुनाएको हो ।

जिल्ला न्यायाधिश हेमन्त रावलको इजलासले बिहिवार आरोपितहरुलाई ज्यान मार्ने उद्योग कसुरमा ८ वर्ष र संगठित अपराध अन्तरगतको कसुरमा ४ वर्ष गरी १२ वर्ष कैद सजायको फैसला गरेको अदालतको सूचना अधिकारी भरत पोखरेलले जानकारी दिए ।

खडक नगरपालिका ८ विसनपुर चौकमा २०७५ माघ

***बाँकी दुई पृष्ठमा***

## दोषिमाथी कारवाहीको माग गर्दै प्रदर्शन

**दैनिक समाचारदाता**
**राजविराज, २७ माघ ।**

घास काटेको निहुँमा एक दलित महिलालाई निर्घात कुटपिट गर्नेलाई प्रहरीले पक्राउ गर्न आलटाल गरेको भन्दै शुक्रबार सप्तरीको डाक्नेश्वरी नगरपालिकाको पातो बजारमा बिरोध प्रदर्शन गरिएको छ ।

दुई दिनअघि आफ्नो जग्गामा रहेको घास काटेको आरोपमा डाक्नेश्वरी नगरपालिका २ का जिवछ यादवले सोही नगरपालिकाको वडा नं. ५ निवासी २८ वर्षिया गितादेवी सदालाई निर्घात कुटपिट गरेको स्थानियको आरोप छ ।



कुटपिटबाट घाइते भएकी सदाको अहिले पनि पातोस्थित युके मेमोरियल अस्पतालमा उपचार भइरहेको छ । घटनाको दुई दिन बितिसक्दा पनि कुटपिटमा संलग्नलाई पक्राउ गर्न प्रहरीले सक्रियता नदेखाएको भन्दै पीडित महिलाका आफन्त तथा स्थानिय प्रदर्शनमा उत्रिएका हुन् ।

अपराधीलाई पक्राउ गर, पीडितलाई न्याय दे लगायतका नारा अंकित प्लेकार्ड बोकेर सडकमा उत्रेका उनीहरुले यसतर्फ अविलम्ब पहल नगरिए आन्दोलन चर्काउने चेतावनी दिएका छन् ।

यता इलाका प्रहरी कार्यालय पातोका सई राजेन्द्र बस्नेतले कुटपिट गर्नेको खोजि कार्यमा कुनै ढिलाई नभएको दाबी गरेका छन् ।

## शौचका लागि जादै गरेकी महिलामाथी बलात्कारको प्रयास, आरोपित पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २७ माघ ।**

४५ वर्षिया एक महिलालाई बलात्कारको प्रयास गरेको आरोपमा प्रहरीले सप्तरीको तिरहुत गाउँपालिका २ मैनाकडेरी निवासी ४० वर्षिय अमोद महात्मान पक्राउ गरेको छ ।

शौचका लागि आँगनमा निस्केको बेला ती महिलालाई बलात्कारको प्रयास गरेको आरोपमा पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

इलाका प्रहरी कार्यालय कंचनपुरका अनुसार बिहीवार राति ती महिला घर आँगन छेऊमा रहेको शौचालय जाँदै गर्दा आरोपित महात्मानले बलात्कारको प्रयास गरेको पीडित परिवारको उजुरीको आधारमा पक्राउ गरिएको हो ।

पीडितका अनुसार होहल्ला गरेपछि महात्मान फरार भएका थिए । पिडित महिलाको राजविराजस्थित गजेन्द्र नारायण अस्पतालमा स्वास्थ परिक्षण गराई तथा महात्मानलाई हिरासतमा राखी घटनाबारे थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय कञ्चनपुरले जनाएको छ ।

## चैतसम्म ऋण भुक्तानी गर्दा छुट

काठमाडौं, २७ माघ (रासस) ।

नेपाल बैंकले ऋणीहरूलाई कर्जा चुक्ता गरे ब्याज छुट दिने भएको छ । बैंकले शुक्रबार एक सूचना जारी गर्दै आगामी चैत मसान्तसम्म ऋण भुक्तानी गर्दा ब्याजमा छुट पाइने जनाएको हो ।

'बैंकले २०७९ को चैत मसान्त अगाडिभित्र कर्जा चुक्ता (ऋण भुक्तानी) गर्दा खराब वर्गमा वर्गीकरण भएका बक्यौता साँवा रु २५ लाखसम्मका खराब कर्जा तथा उपलेखित कर्जा ऋणीहरूलाई ब्याजमा छुट सुविधा दिइनेछ', बैंकले जारी गरेको सूचनामा भनिएको छ ।

बैंकको ब्याज छुटसहितको अवसर प्राप्त गरी कर्जा चुक्ता गर्नका लागि शाखा कार्यालय वा प्रधान कार्यालयमा सम्पर्क गर्न आग्रह गरेको छ । बैंकले बक्यौता साँवा रु एक लाखसम्मका कर्जामा बाँकी साँवाको १० प्रतिशत, रु पाँच लाखसम्मका कर्जामा ३० प्रतिशत, रु १० लाखसम्मका कर्जामा ४० प्रतिशत, रु १५ लाखसम्मका कर्जामा ६० प्रतिशत, रु २० लाखसम्मका कर्जाम ७० प्रतिशत र रु २५ लाखसम्मका कर्जामा ८० प्रतिशत बराबरको रकम ब्याज लिएर बाँकी ब्याज मिनाहा गर्ने बैंकले जनाएको छ ।

### जग्गा बिक्रिमा

राजविराज वडा नं. ६ थानगाछी स्कुलको दक्षिण पट्टीको जग्गा बिक्रीमा छ । जग्गाको तिनै भागमा १२ फिटको बाटो भएको घर सहितको जग्गा लिने इच्छुक व्यक्तिले सिन्हा लँज राजविराजमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**सम्पर्क नं. ०३१-५३०४३४**

### आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार



### तपाईकै सहर राजविराजमा



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

***हाम्रा विशेषताहरु***

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**

**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

**बोलबम !**  **बोलबम !!**  **बोलबम !!!**

**यही मिति २०७९ साल फाल्गुन ६ गते महाशिवरात्री पर्व पर्न गएको हुँदा सो अवसरमा सप्तकोशी व्यारेजको पवित्र जल काँवरमा ल्याई प्राचीन महादेव श्री हरिनन्देश्वर महादेव मन्दिरमा जल रिसाल गरी पूण्यको भागी बनौं ।**

**अनुरोधकर्ता**
**श्री हरिनन्देश्वर महादेव मन्दिर**
**संरक्षण, सम्बर्द्धन समिति, राजविराज**

## सम्पादकीय

### स्थानिय भाषालाई प्रोत्साहन गरौं

स्थानिय स्तरमा बोल्ने र प्रयोग हुने विभिन्न भाषहरुलाई अहिले महत्व दिइदै छ । तर, अहिले पनि स्थानिय स्तरको भाषालाई लिपिबद्ध रुपमा रुपान्तरण गर्न स्थानिय पालिकाहरुले गर्न सकेका छैनन् । मुलुकमा संघीयता आएपछि विभिन्न भाषाहरुको पनि आफ्नै महत्व बढेको छ । हरेक स्कुल, कलेजमा स्थानिय भाषाका पुस्तकहरु भेट्न मुश्किलै छ । मात्र बोलचालको रुपमा स्थानिय भाषालाई प्राथमिकता दिइएको छ ।

विद्यालय उमेरको मानव मस्तिष्कमा भाषा सिक्न सक्ने क्षमता अत्याधिक हुन्छ । जसले जति बढी भाषा सिक्न सक्यो, उसको भाषिक योग्यतामा त्यति नै वृद्धि हुन्छ ।

तसर्थ कक्षा १ देखी नै स्थानिय भाषाका पुस्तकहरु पढाउन सकियो भने पक्कै नै स्थानिय भाषाको विकास तथा यसको सम्बर्द्धन हुन सक्ने विश्वास व्यक्त गर्न सकिन्छ ।

# बैंक तथा वित्तीय संस्थाको कुन क्षेत्रमा कति लगानी ?

काठमाडौँ, २७ माघ (रासस) ।

नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०७८/७९ को मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा प्रतिवेदन सार्वजनिक गरेको छ । प्रतिवेदनमा बैंक तथा वित्तीय संस्थाहरूले क्षेत्रगत कर्जा विस्तारमा आफ्नो लक्ष्य पूरा गरेको देखाइएको छ ।

राष्ट्र बैंकले तोकेको विद्यमान व्यवस्थाअनुसार वाणिज्य बैंकहरूले २०८० असार मसान्तसम्ममा कूल कर्जा लगानीको न्यूनतम ११ प्रतिशत कृषि क्षेत्रमा, छ प्रतिशत ऊर्जा क्षेत्रमा र ११ प्रतिशत लघु घरेलु र साना तथा मझौला उद्यम क्षेत्रमा प्रवाह गर्नुपर्छ । वाणिज्य बैंकहरूले गत पुस मसान्तमा कृषि क्षेत्रमा १३ प्रतिशत अर्थात् कूल रु पाँच खर्ब ४३ अर्ब ४७ करोड कर्जा लगानी गरेको राष्ट्र बैंकले जनाएको छ ।

त्यस्तै ऊर्जा क्षेत्रमा छ दशमलव तीन प्रतिशत अर्थात् रु दुई खर्ब ६२ अर्ब ५५ करोड कर्जा लगानी भएको छ । लघु घरेलु, साना एवम् मझौला उद्यम क्षेत्रमा नौ दशमलव पाँच प्रतिशत अर्थात् रु तीन खर्ब ९६ अर्ब ९१ करोड कर्जा लगानी रहेको छ ।

विकास बैंकहरूले २०८० असार मसान्तसम्ममा कूल कर्जा लगानीको १६ प्रतिशत कर्जा कृषि, लघु घरेलु तथा साना उद्यम/व्यवसाय, ऊर्जा र पर्यटन क्षेत्रमा प्रवाह गर्नुपर्ने व्यवस्था छ । गत पुस मसान्तसम्ममा ती क्षेत्रहरूमा औसत २६ दशमलव छ प्रतिशत अर्थात् रु एक खर्ब १५ अर्ब ७५ करोड बराबर कर्जा लगानी भएको छ ।

त्यसैगरी वित्त कम्पनीहरूले २०८० असार मसान्तसम्म कूल कर्जा लगानीको ११ प्रतिशत कृषि, लघु, घरेलु तथा साना उद्यम/व्यवसाय, ऊर्जा र पर्यटन क्षेत्रमा प्रवाह गर्नुपर्ने व्यवस्था रहेकामा गत पुस मसान्तसम्ममा ती क्षेत्रहरूमा औसत २२ दशमलव चार प्रतिशत अर्थात् रु १९ अर्ब ३३ करोड कर्जा प्रवाह भएको राष्ट्र बैंकले जनाएको छ ।

बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो कूल कर्जा सापटको न्यूनतम पाँच प्रतिशत कर्जा विपन्न वर्गमा प्रवाह गर्नुपर्ने व्यवस्था रहेकामा गत पुस मसान्तसम्ममा वाणिज्य बैंकहरूले छ दशमलव सात प्रतिशत अर्थात् रु दुई खर्ब ८० अर्ब १७ करोड बराबर कर्जा प्रवाह गरेका छन् । त्यस्तै विकास बैंकहरूले ११ दशमलव एक प्रतिशत अर्थात् रु ४८ अर्ब २३ करोड र वित्त कम्पनीहरूको सात दशमलव तीन प्रतिशत अर्थात् रु छ अर्ब २९ करोड कर्जा विपन्न वर्गमा लगानीमा गरेका छन् ।

# विमानस्थलका महाप्रबन्धक ठाकुर निलम्बनमा

काठमाडौँ २७ माघ (रासस) ।

संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक प्रेमनाथ ठाकुरलाई निलम्बन गर्न नेपाल नागरिक उड्डयन प्राधिकरणलाई निर्देशन दिएको छ ।

गैरकानुनी रूपमा एक वायु सेवा कम्पनीसँग लाभ लिने उद्देश्यले गरेको कुराकानीको श्रव्य सामग्री पाइएपछि मन्त्रालयले प्राधिकरणलाई पत्राचार गर्दै उक्त निर्देशन दिएको हो ।

संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव एवम् प्रवक्ता राजेन्द्रकुमार केसीका अनुसार ठाकुरले थाई स्माइल एयरलाइन्सका प्रतिनिधिसँग गैरकानुनी लाभ लिने उद्देश्यले गरेको कुराकानीको श्रव्य सामग्री प्राप्त भएकाले जाँचबुझ गर्ने सिलसिलामा महाप्रबन्धक ठाकुरलाई निलम्बनका लागि नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशकलाई पत्राचार गरिएको छ ।

संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीको मन्त्रिस्तरीय निर्णयका आधारमा महाप्रबन्धकलाई निलम्बनका लागि प्राधिकरणका महानिर्देशकलाई पत्राचार गरिएको हो । सो विषयमा थप अनुसन्धान गर्न मन्त्रालयले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई समेत अनुरोध गरिएको प्रवक्ता केसीले जानकारी दिनुभयो ।

केही दिनपहिले मात्रै अख्तियारले विमानस्थलको आन्तरिकतर्फका प्रमुख पूर्ण चुडाललाई घुस बापतको रकमसहित पक्राउ गरेको थियो ।

# नागरिकता विधेयकको मस्यौदा पेस

काठमाडौँ, २७ माघ (रासस) ।

'सत्य र न्यायको खोजी अभियान'ले नागरिकता विधेयकको मस्यौदा पेस गरेको छ ।

अभियानका तर्फबाट वरिष्ठ अधिवक्ता ध्रुवलाल श्रेष्ठले नेपाली नागरिकतासम्बन्धी समस्या समाधान गर्ने उद्देश्यले तयार गरिएको मस्यौदा शुक्रबार गृह सचिव विनोदप्रकाश सिंहलाई हस्तान्तरण गर्नुभयो ।

मस्यौदा हस्तान्तरण कार्यक्रममा श्रेष्ठले नागरिकतासम्बन्धी विद्यमान विवादहरू समाधानका लागि कानुन संशोधन गर्नुपर्ने बताउनुभयो ।

मस्यौदामा जन्मका आधारमा नागरिकता प्राप्त गरेका व्यक्तिका सन्तानलाई नागरिकता दिने, आमा भएका तर बाबुको पहिचान नभएका व्यक्तिलाई नागरिकता प्रदान गर्ने, बाबु र आमाको ठेगान नभएका व्यक्तिलाई नागरिकता प्रदान गर्ने, विदेशी पुरुषसँग विवाह गरेकी नेपाली नागरिक महिलाका सन्तानलाई नागरिकता प्रदान गर्ने र नेपाली नागरिक पुरुषसँग विवाह गरेर आउने विदेशी महिलालाई नागरिकता प्रदान गर्नेसम्बन्धी विवाद समाधानका लागि पहल गर्नुपर्ने उल्लेख गरिएको छ ।

उहाँले कानुन संशोधन गरेर मात्रै नागरिकतासम्बन्धी समस्या समाधान गर्न सकिने बताउनुभयो ।

अभियानका तर्फबाट प्रतिनिधित्व गर्नुभएका अधिवक्ता एसके तिमिल्सिनाका अनुसार यस विधेयकमा राष्ट्रिय हित, नागरिकतासम्बन्धी समस्या समाधान, लैङ्गिक समानतालगायत विषय समावेश गरिएको छ ।

# वामपन्थी पार्टीबीच एकताबारे छलफल

काठमाडौँ, २७ माघ (रासस) ।

विभिन्न वामपन्थी राजनीतिक पार्टीबीच एकताबारे छलफल भएको छ ।

नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी ( नेकपा), विश्वभक्त दुलाल 'आहूती' नेतृत्वको वैज्ञानिक समाजवादी पार्टी, ऋषि कट्टेल नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी र कर्णजित बुढाथोकी नेतृत्वको नेकपा माओवादी समाजवादीका नेताबीच शुक्रबार पार्टी एकताको विषयमा छलफल भएको हो ।

विप्लव नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीको केन्द्रीय कार्यालय बुद्धनगरमा शुक्रबार बसेको बैठकपछि जारी विज्ञप्तीमा भनिएको छ, "पार्टी एकता, संयुक्त, मोर्चा र कार्यगत एकताको ठोस कार्यक्रम विकास गरी सार्वजनिक गर्न आगामी फागुन १५ गते चार पार्टीको वैठक बस्ने निर्णय लिइएको छ ।"

सो वैठकले नेपालको क्रान्तिकारी कम्युनिष्ट आन्दोलन र देशको सङ्कटपूर्ण अवस्थालाई दृष्टिगत गरी चार पार्टीबीचमा पार्टी एकता एवम् क्रान्तिकारी ध्रुविकरणको निम्ति बहस, छलफल आरम्भ गर्ने, संयुक्त मोर्चालाई थप व्यवस्थित गर्ने निर्णयसमेत गरेको छ ।

### *प्रहरीमाथि...*

२ गते राती गस्तीमा रहेका बेला प्रहरी हवल्दार सतरा माथि गोली प्रहार भएको थियो ।

काठमाडौंस्थित महराजगन्ज शिक्षण अस्पतालमा घाइते प्रहरी हवल्दार सतराको शरीरबाट गोली निकाली उपचार गरिएको थियो । उनको कम्मरमुनिको भाग चल्न नसक्दा अहिले घरमै कष्टकर जीवन बिताइरहेका छन् ।

पीडितका दाजु इन्द्रदेवले उजुरी दिएपछि २०७५ साल माघ २ गते चौधरी पक्राउ परेका थिए । यस्तै २०७८ साल असार २९ गते साह स्वयम् अदालतमा उपस्थित भएका थिए । दुबै जना पुर्पक्षका लागि कारागारमा रहेका बेला अदालतको अन्तिम फैसला आएको हो ।

घटनाका अर्का आरोपित भनिएका सुरुङ्गा नगरपालिका ६ कडरबोनाका ३० वर्षिय दिपेश भन्ने दिपेन्द्र चौधरी २०७५ माघ ९ गते प्रहरीसँगको मुठभेडमा मारिएका थिए ।

आरोपित सबै तराईमा सशस्त्र आन्दोलरत प्रगतिशील तराई मुक्ति मोर्चाको कार्यकर्ता रहेको प्रहरी अनुसन्धानको क्रममा खुलेको थियो ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# कर्जा असुली सूचना निकाल्दा फोटो छाप्न मनाही

काठमाडौं, २७ माघ (रासस) ।
बैंक तथा वित्तीय संस्थाले आफ्ना ऋणीबाट कर्जा असुलीका लागि सूचना जारी गर्दा उनीहरूको तस्बिर सार्वजनिक गर्न नपाउने भएका छन् । 'नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७८' मा संशोधन गर्दै राष्ट्र बैंकले यस्तो व्यवस्था कार्यान्वयनमा ल्याएको हो ।

"कर्जा असुलीका लागि सार्वजनिक सूचना प्रकाशित गर्दा सार्वजनिक व्यक्तिको तस्बिर प्रकाशन गर्न पाइने छैन ।" राष्ट्र बैंकले बिहीबार संशोधन गरेको एकीकृत निर्देशनमा भनिएको छ । बैंक तथा वित्तीय संस्थाले भाखा नाघेको ऋण असुलीका लागि ऋणीको तीनपुस्ते विवरणसहित सार्वजनिक सूचना जारी गर्ने गरेका छन् ।

एक वर्षभन्दा बढी अवधिका लागि प्रवाह भएको कर्जा असुलीका लागि सार्वजनिक सूचना तथा धितो लिलामीको कारबाही सुरु गर्नुअघि कर्जाले भाखा नाघेको कम्तीमा छ महिना व्यतीत भई शङ्कास्पद वर्गमा वर्गीकरण गर्नुपर्ने व्यवस्था छ । राष्ट्र बैंकले एकीकृत निर्देशनमा परिमार्जन गर्दै रु १५ लाखसम्मको व्यक्तिगत कर्जामा सम मासिक किस्ताको समयावधि दुई वर्ष बढाएको छ । सममासिक किस्तामा कर्जा भुक्तानी हुने गरी भुक्तानी तालिका तय हुनुपर्ने र यस्तो कर्जाको अधिकतम समयावधि पाँच वर्षसम्म मात्र हुने व्यवस्था रहेकोमा त्यसलाई बढाएर सात वर्ष बनाइएको हो ।

त्यस्तै, अर्थतन्त्रमा पछिल्लो समय देखिएको अवस्थालाई हेरेर बैंक तथा वित्तीय संस्थाले कर्जाको वर्गीकरण गर्दा तल्लो वर्गीकरणसमेत गर्न पाउने भएका छन् । "इजाजतप्राप्त संस्थाले अर्थतन्त्रमा देखिने असहज अवस्था वा अन्य कुनै कारणले ऋणीको कर्जा तिर्ने क्षमतामा ह्रास आउने विश्लेषण गरेमा कर्जा सापटलाई तल्लो वर्गमा वर्गीकरण गर्न सक्नेछन् । उदाहरणका लागि कमसल कर्जालाई शङ्कास्पद वा खराब कर्जामा र शङ्कास्पदलाई खराब कर्जामा वर्गीकरण गर्न सकिनेछ ।" राष्ट्र बैंकको निर्देशनमा भनिएको छ ।

गैरबैंकिङ सम्पत्तिको मूल्याङ्कन गर्दा बैंक तथा वित्तीय संस्थाले एउटै मूल्याङ्कनकर्ताबाट लगातार एकपटक भन्दा बढी सोही सम्पत्तिको मूल्याङ्कन गर्न नपाउने व्यवस्था पनि राष्ट्र बैंकले ल्याएको छ ।

# प्रभु डिजिटल र एलएनटी नेटको लाइसेन्स खारेज

काठमाडौं, २७ माघ (रासस) ।
नेपाल दूरसञ्चार प्राधिकरणले प्रभु डिजिटल लिमिटेड, कमलादी काठमाडौं र एलएनटी इन्फोटेक प्रालीको लाइसेन्स खारेज गरेको छ । प्राधिकरणले शुक्रबार एक सूचना जारी गर्दै उक्त दुई कम्पनीलाई दिइएको अनुमति पत्र खारेज गरिएको जनाएको हो ।

इन्टरनेट (इमेलसहित) प्रभु डिजिटल (अनुमतिपत्र नं फि.ज १-१२१) र एलएनटीले (अनुमतिपत्र नं फि ज १-१२२) नवीकरणका लागि नियमानुसार निवेदन पेस नगरेको भन्दै प्राधिकरणले अनुमतिपत्र दूरसञ्चार ऐन, २०५३ को दफा २५ (५) बमोजिम स्वतः खारेज भएको जनाएको छ ।

साथै इन्टरनेट (इमेलसहित) सेवा सञ्चालन गरेबापत नियमानुसार तिर्न र बुझाउन कुनै दस्तुर देखिएमा उक्त रकम ३० दिनभित्र तिर्नसमेत प्राधिकरणले निर्देशन दिएको छ । अन्यथा बाँकी बक्यौता रकम प्रचलित कानुनअनुसार असुलउपर गरिने प्राधिकरणको अनुमतिपत्र व्यवस्थापन शाखाले जनाएको छ ।

यसअघि माघ १६ गते प्राधिकरणले लाइसेन्स नवीकरण नगरेको भन्दै केसिएन नेट प्राली बौद्धलाई दिइएको लाइसेन्ससमेत खारेज गरेको थियो ।

## तिरहुत गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

गोईठी, सप्तरी
मधेश प्रदेश नेपाल

प.स. (Letter No) २०७९।०८०
चलानी नं. (Ref No.) : ८५८

Website:www.tirahutmun.gov.np
Email : info@tirahutmun.gov.np
Contact No : 9852860107

### उपभोक्ता समिति गठन गर्ने सम्बन्धी सूचना !

(प्रकाशित मिति : २०७९/१०/२७ गते)

यस तिरहुत गाउँपालिकाको आ.व. २०७९/०८० को गाउँ सभाबाट स्वीकृत तपशिलकावडा न २ र ३ का वडा स्तरिय योजनाहरु उपभोक्ता समिति मार्फत कार्य संचालन गर्नुपर्ने भएकोले देहायको मिति, समय र स्थानमा आमभेलाबाट उपभोक्ता समिति र अनुगमन समिती गठन गरिने भएकोले सम्बन्धीत सरोकारबालाहरुलाई उपस्थितिको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल :

| सि. नं. | योजना/कार्यक्रमको नाम | कार्यान्वयन स्थान | विनियोजित रकम | उपभोक्ता समिति गठन हुने | | |
|---|---|---|---|---|---|---|
| | | | | मिति | समय | स्थान |
| १ | तिरहुत ३ को चुनियाँ घर देखि पश्चिम विराजि पोखरी हुदै धोवियाँ पोखरी सम्म माटो ग्राभेल गर्ने कार्य | तिरहुत ३ | 1000000.00 | २०७९।११।०६ | बिहान १० बजे | चुनिया घर नजिक |
| २ | तिरहुत ३ सुरैतलाल घर देखि देवजि पोखरी हुदै रामु दास घर सम्म सडकमा माटो ग्राभेल गर्ने कार्य | तिरहुत ३ | 1000000.00 | २०७९।११।०६ | दिउँसो १ बजे | रामजानकी मन्दिर स्थानमा |
| ३ | तिरहुत ३ सुकम मण्डल घर अगाडी पोखरीमा जाली कैटिङ्ग गर्ने कार्य | तिरहुत ३ | 500000.00 | २०७९।११।०६ | दिउँसो ४ बजे | शिव मन्दिर स्थानमा |
| ४ | तिरहुत ३ को देवन महतो घर नजिक विश्वकर्मा मन्दिर निर्माण गर्ने कार्य | तिरहुत ३ | 400000.00 | २०७९।११।०७ | बिहान १० बजे | देवन महतो घर नजिक |
| ५ | तिरहुत ३ को जरौली सडकमा माटो ग्राभेल गर्ने कार्य | तिरहुत ३ | 700000.00 | २०७९।११।०७ | दिउँसो १ बजे | सकलदेव राम घर अगाडी |
| ६ | तिरहुत ३ नवनगरमा रामजानकि मन्दिरको रंग रोगन तथा वाइरीङ्ग मर्मत संभार गर्ने कार्य | तिरहुत ३ | 500000.00 | २०७९।११।०७ | दिउँसो ४ बजे | रामजानकी मन्दिर अगाडी |
| ७ | वडा नं. ३ पिपराहि मुसहरीमा दिनाभद्री मन्दिरको वाउण्ड्री वाल निर्माण गर्ने कार्य | तिरहुत ३ | 500000.00 | २०७९।११।०८ | बिहान १० बजे | दिनाभद्री स्थानमा |
| ८ | मुल सडक देखि विरेन्द्र कौडगिया घर आर सि.सि.ढलान निर्माण कार्य | तिरहुत २ | 800000.00 | २०७९।११।०६ | दिउँसो १ बजे | मुडिया घर नजिक |
| ९ | वडा कार्यालयको गोल घर मर्मत र गाडी पार्किगं बनाउने र कम्पाउण्डमा माटो पुर्ने कार्य | तिरहुत २ | 900000.00 | २०७९।११।०६ | दिउँसो ४ बजे | वडा कार्यालयको प्रागंनमा |

........................
विजय कुमार मण्डल
प्रमुख प्रशासकीय अधिकृत

# विश्व समाचार

## थप हतियारका निम्ति युक्रेनी राष्ट्रपतिको अनुरोध

ब्रसेल्स, २७ माघ (रासस/एपी) ।
राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले युरोपेली संघमा आबद्ध देश तथा अन्य आफ्ना सहयोगीलाई थप हतियार उपलब्ध गराउन आग्रह गर्नुभएको छ । साथै उहाँले युक्रेनलाई शीघ्र संघको सदस्यता प्रदान गर्न अनुरोध पनि गर्नुभएको छ । फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोनले युक्रेनलाई युद्ध जित्नका लागि लामो समयसम्म अथक सहयोग गर्ने संघका नेताहरूले सहमति जनाएका बताउनुभएको छ ।

युक्रेनमाथि आक्रमण भएको एक वर्ष पुग्ने दिन अर्थात् यही महिनाको २४ तारिखमा क्रेमलिनले भीषण आक्रमण गर्ने ठानेको किएभले आफ्नो सैन्यस्थिति सुदृढ तुल्याउन थप हतियार सहायता माग गरेको हो । युरोपेली काउन्सिलका अध्यक्ष चार्ल्स मिशेलले पनि युक्रेनलाई सघाउने बाचा गर्नुभएको छ ।

आयोगका अध्यक्ष उर्सुला भोन डेर लेनले नयाँ १० अर्ब युरो प्रतिबन्ध प्याकेजले रूसलाई आवश्यक पर्ने सैन्य सामानहरूबाट वञ्चित गर्ने बताउनुभएको छ । यसअघि जर्मनी, डेनमार्क र नेदरल्याण्ड्सले युक्रेनलाई लियोपर्ड-१ युद्ध ट्याङ्क उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेका छन् । तीनवटै मुलुकले आगामी महिनामा एक सय थान लियोपर्ड-१ युद्ध ट्याङ्क उपलब्ध गराउने घोषणा गरेका थिए ।

## टर्कीए भूकम्पः एक्काइस हजार जनाको मृत्यु

इस्तानबुल, २७ माघ (रासस/एपी) ।
टर्कीएको पूर्वी भाग र छिमेकी सिरियामा सोमबार भएको भूकम्पमा परी हालसम्म २१ हजार जनाको मृत्यु भएको छ भने दशौं हजार घाइते भएका छन् । टर्कीएको विपद् व्यवस्थापन निकायले अन्तरराष्ट्रिय सहायताका निम्ति अपील गरेको छ । अन्तरराष्ट्रिय रेडक्रस र रेड क्रिसेन्ट सोसाइटीले तत्काल आफ्नो आपत्कालीन कोषबाट तत्काल नगद सहायता परिचालन गर्ने बताएको छ । सिरिया र टर्कीएका भूकम्प पीडितको सहयोगका लागि उक्त रकम निकासा गरिने सोसाइटीले जनाएको छ ।

संयुक्त राष्ट्रसङ्घीय सहायता निकाएका छ वटा विशाल वाहन राहत सामग्री लिएर टर्कीएको सिमाना पार गरेर सिरिया पुगेका छन् । यो सहायता सिरियाका लागि पहिलो अन्तरराष्ट्रिय सहयोग हो । टर्कीका केही प्रभावित क्षेत्रमा पानी, इन्धन र बिजुली नहुँदा अझ धेरैको ज्यान जानसक्ने चिन्ता विश्व स्वास्थ्य संगठनले व्यक्त गरेको छ । प्रतिकूल मौसमका कारण खोज तथा उद्धारमा अवरोध भएको छ ।

यद्यपि उद्धारकर्मीहरू भग्नावशेषमा पुरिएकाहरूको खोजीमा जुटेका छन् । बेलायतलगायत देशले टर्कीए र सिरियाका भूकम्पपीडितका लागि आर्थिक सहायता तथा राहत सामग्रीका निम्ति सर्वसाधारण एवम् परोपकारी संस्थासँग आग्रह गरेका छन् । अमेरिकाले पनि सिरियामाथिको प्रतिबन्धले मानवीय सहायतामा अवरोध नहुने जनाउँदै सहायोगको घोषणा गरेको छ । अर्थमन्त्रालयले मानवीय सहायताका कार्यमा प्रतिबन्ध लागू नहुने बताएको छ ।

## भारतद्वारा नयाँ रकेट प्रक्षेपण

नयाँ दिल्ली, २७ माघ, (रासस-सिन्ह्वा) ।
भारतीय अन्तरिक्ष अनुसन्धान सङ्गठनले आफ्नो नयाँ रकेट, स्मा'ल स्याटेलाइट लन्च भेहिकललाई सफलतापूर्वक प्रक्षेपण गरेको छ । योसँगै शुक्रबार तीनवटा उपग्रहहरूलाई कक्षमा राखेको छ ।

एक सय २० टन तौल भएको ३४ मिटर अग्लो नयाँ रकेटले स्थानीय समय अनुसार बिहान ९:१८ बजे दक्षिणी भारतीय राज्य आन्ध्र प्रदेशस्थित बङ्गालको खाडीको किनारमा रहेको श्रीहरिकोटाको सतीश धवन अन्तरिक्ष केन्द्रबाट उडान भरेको थियो ।

गत वर्ष अगस्ट ७ मा गरिएको रकेटको पहिलो परीक्षण उडान आंशिकमात्रामा मात्र सफल भएको थियो ।

## जलवायु लक्ष्य हासिल गर्न अमेरिकालाई कठिन

न्यूयोर्क, २७ माघ, (रासस-सिन्ह्वा) ।
अमेरिकी राष्ट्रपति जो बाइडेनले जलवायु परिवर्तनसँग जुध्न आफ्नो प्रशासनले गरेको काममा जोड दिए पनि बदलिँदो मौसमका कारण उत्पन्न प्राकृतिक प्रकोपका कारण लाखौं अमेरिकी जनता विस्थापित भएका छन् । नयाँ जनगणना ब्युरोको प्रतिवेदनले गत वर्ष आँधी, बाढी र अन्य विभिन्न प्राकृतिक प्रकोपका घटनाका कारण ३० लाखभन्दा बढी वयस्कहरू आफ्नो घर छाड्न बाध्य भएको अमेरिकी समाचार वेबसाइट पोलिटिको अन मोले जनाएको छ । यदि देशले आफ्नो जलवायु लक्ष्यहरू पूरा गर्ने हो भने राष्ट्रपति बाइडेन र काङ्ग्रेसले अझ धेरै काम गर्न आवश्यक देखिन्छ ।

यद्यपि अमेरिका लक्ष्यहरू पूरा गर्न पर्याप्त कार्बन कटौती गर्ने बाटोमा छैन । अर्को राष्ट्रपति चुनाव अघि यी चिन्ताहरू सम्बोधन गर्नु बाइडेनका लागि चुनौतीपूर्ण हुन सक्छ । नयाँ जिओपी नियन्त्रित सदनबाट विरोध गर्नु भनेको नयाँ जलवायु कानून पारित गर्नु असम्भव हुनु हो । कन्जर्भेटिभ पार्टी र सर्वोच्च अदालतले बाइडेनको शक्तिमा चुनौती थप्न सक्छन् ।

# बालबालिकालाई विपद् व्यवस्थापन सम्बन्धी तालिम



**दैनिक समाचारदाता**
**राजविराज, २७ माघ ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाका बालबालिकाका लागि विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन सम्बन्धी दुई दिने तालिम शुक्रबारदेखि सञ्चालनमा आएको छ ।

युनिसेफको सहयोगमा गाउँपालिकाको वन, वातावरण तथा विपद् ब्यवस्थापन शाखाद्वारा सो तालिम संचालनमा ल्याइएको हो ।

बालवालिकाहरु स्वयंमले जोखिम पहिचान गर्न, विश्लेषण गर्न, योजना बनाई कार्यान्वयन गर्न र जोखिम न्यूनिकरण गर्न सकोस् भन्ने उद्देश्यले उक्त तालिमको आयोजना गरिएको सो शाखाले जनाएको छ ।

उक्त तालिमले बाालबालिकाहरु आफ्नो ज्ञान, सीपको प्रयोग गरेर प्रौढहरुसंगै सुरक्षित र उत्थानशील समुदाय बनाउन समेत योगदान दिने विश्वास गरिएको गाउँपालिकाका विपद् ब्यवस्थापन अधिकृत राजेश कुमार झाले जानकारी दिए ।

कुनै पनि खालको विपद्मा सबैभन्दा बढी बालबालिका प्रभावित हुने गरेको तथा विपद् पश्चात् बालबालिकाले आफ्नो बालअधिकारको उपयोग तथा उपभोग गर्नबाट वञ्चित हुनुपर्ने अवस्था उत्पन्न हुने गरेकोले बालबालिकालाई लक्षित गरि तालिमको आयोजना गरिएको उनले बताए ।

उक्त तालिममा गाउँपालिका स्तरीय बाल क्लब, सञ्जाल तथा वडा बाल क्लबका प्रतिनिधिहरु गरी ४२ जनाको सहभागिता रहेको छ ।

# निक्षेप नौ दशमलव चार प्रतिशतले बढ्यो

काठमाडौँ, २७ माघ (रासस) ।

चालू आर्थिक वर्ष २०७९/८० को अर्धवार्षिक अवधिसम्ममा बैंक तथा वित्तीय संस्थाको निक्षेप नौ दशमलव चार र कर्जा चार प्रतिशतले बढेको छ ।

नेपाल राष्ट्र बैंकले शुक्रबार मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा प्रतिवेदन सार्वजनिक गर्दै गत पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाले परिचालन गरेको कूल निक्षेप नौ दशमलव चार प्रतिशतले वृद्धि भई रू ५२ खर्ब ९७ अर्ब ९० करोड पुगेको जनाएको छ । यही समयमा बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कर्जा चार प्रतिशतले वृद्धि भई रू ४७ खर्ब ५८ अर्ब ४२ करोड पुगेको छ ।

राष्ट्र बैंकका अनुसार २०७८ असारदेखि निक्षेपको तुलनामा कर्जाको वार्षिक बिन्दुगत वृद्धिदर उच्च रहेकामा २०७९ असोजदेखि निक्षेपको वृद्धिदर अधिक रहँदै आएको छ । निक्षेपको तुलनामा कर्जाको वृद्धिदर न्यून रहेका कारण बाह्य क्षेत्रमा परेको चाप कम गर्नपर्ने सहयोग पुगेको पनि राष्ट्र बैंकले जनाएको छ ।

शोधनान्तर स्थिति बचतमा रहँदा यसले तरलता सहज भएको पनि राष्ट्र बैंकले जनाएको छ । "विसं २०७८ जेठदेखि लगातार दबाबमा रहेको शोधनान्तर स्थिति २०७९ असोजदेखि बचतमा रहन थालेको छ, शोधनान्तर स्थितिमा सुधार आउन सुरु भएसँगै मौद्रिक तरलतामा विस्तार भएको छ", मौद्रिक नीतिको अर्धवार्षिक समीक्षामार्फत राष्ट्र बैंकले भनेको छ । तरलतामा सुधार आएका कारण अल्पकालीन ब्याजदर घट्न थालेका र यसको असर निक्षेप तथा कर्जाको ब्याजदरमा समेत क्रमशः प्रतिविम्बित हुँदै जाने ठानिएको छ ।

कर्जाको आकार कूल गार्हस्थ्य उत्पादनकै हाराहारीमा पुगिसकेको र बैंक तथा वित्तीय संस्थाको पुँजीको आधार समेतलाई दृष्टिगत गर्दा कर्जा प्रवाह सन्तुलित रहन गई तरलता र ब्याजदरमा थप सुधार आउने अनुमान राष्ट्र बैंकको छ ।

# ६ महिना कमको संस्थागत मुद्दती निक्षेप राख्न नपाइने

काठमाडौँ, २७ माघ (रासस) ।

बैंक तथा वित्तीय संस्थाले छ महिनाभन्दा कम समयको संस्थागत मुद्दती निक्षेप राख्न नपाउने भएका छन् ।

यसअघि व्यक्तिगत र संस्थागत दुवैतर्फको न्यूनतम तीन महिना समयका लागि मुद्दती निक्षेप राख्न पाउने व्यवस्था थियो । तर नेपाल राष्ट्र बैंकले बिहीबार 'नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७८' मा परिमार्जन गर्दै संस्थागत मुद्दती निक्षेप कम्तीमा छ महिनाका लागि हुनुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याएको हो । व्यक्तिगततर्फको मुद्दती निक्षेप भने तीन महिनाका लागि पनि राख्न पाइनेछ ।

"तीन महिनाभन्दा कम समयावधिको मुद्दती निक्षेप तथा छ महिनाभन्दा कम समयावधिको संस्थागत मुद्दती निक्षेप स्वीकार गर्न पाइने छैन । मुद्दती निक्षेपको समयावधि समाप्त नहुँदै पूर्व निर्धारित ब्याजदर कायम गरी ग्राहकले चाहेको बखत जहिले पनि झिक्न पाउने गरी मुद्दती निक्षेप स्वीकार गर्न पाइने छैन । संस्थागत निक्षेपको हकमा छ महिना व्यतीत हुनुअगावै कुनै पनि रकम भुक्तानी वा फिर्ता गर्न पाइने छैन ।" राष्ट्र बैंकले एकीकृत निर्देशनमा संशोधन गर्दै भनेको छ ।

त्यस्तै, निक्षेप सङ्कलन गर्दा अन्य खाताको तुलनामा दिइने निक्षेपको ब्याजदरभन्दा विप्रेषण बचत खातामा दिइने ब्याजदर बढी हुनुपर्ने व्यवस्था पनि राष्ट्र बैंकले ल्याएको छ । "वैदेशिक रोजगारीमा रहेका नेपालीको बैंकिङ प्रणालीबाट प्राप्त हुने विप्रेषण रकम बैंक तथा वित्तीय संस्थामा खोलिएको वा खोलिने विप्रेषण बचत खातामा निक्षेप राखेको न्यूनतम एक प्रतिशत बिन्दु थप गरी ब्याज दिनुपर्नेछ ।" संशोधित एकीकृत निर्देशनमा भनिएको छ ।


## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

## आगो वा हिटर प्रयोगमा होसियारी अपनाऔं ।

- इयाल, ढोका थुनेर आगो वा हिटर नबालौं,
- सुत्ने बेला बालेको आगो वा हिटर निभाऔं,
- आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं,
- हावाको उचित ओहोरदोहोर हुनेगरी मात्र आगो वा हिटर बालौं,
- सकेसम्म बाथरुममा ग्यास गिजरको प्रयोग नगरौं । गर्नै परेमा भेन्टिलेसन खुला राखौं ।

झ्यालढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यान जान सक्दछ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## डा. कालीप्रसाद यादव

**MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203**

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

## डा. रिपला आचार्य

**MBBS, MD (BPKIHS) NMC NO. 19992**

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

**डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी**
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु →
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit | City Express Money Transfer – Money Transfer Made Easy | Best Remit – Quick & Easy | Prabhu Money Transfer – प्रभुको इच्छा – रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*